पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

पोखरा महानगरपालिकाद्वारा प्रकाशित

खण्ड ०८) पोखरा, चैत्र २७ गते, २०८१ साल (संख्या २५


## भाग २

## पोखरा महानगरपालिका

## स्थानीय पर्यटक पथ प्रदर्शक (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावना** : व्यवसायिक, प्राकृतिक, धार्मिक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण पोखरा महानगरपालिकाको पर्यटन प्रवर्द्धन गर्न पोखरा स्थित प्राकृतिक, धार्मिक र साँस्कृतिक महत्वका पर्यटकीय स्थलमा हुने पर्यटकीय पथ प्रदर्शनलाई मर्यादित, सुरक्षित, व्यवसायिक र व्यवस्थित बनाउने उद्देश्यले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकालेले यो कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (क) यस कार्यविधिको नाम "स्थानीय पर्यटक पथ प्रदर्शक सम्बन्धी कार्यविधि, २०८१" रहेको छ।

(ख) स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "नगरपालिका" भन्नाले पोखरा महानगरपालिका सम्झनु पर्दछ।

(ख) "महाशाखा वा शाखा" भन्नाले स्थानीय पथ प्रदर्शकको व्यवस्थापन तथा नियमन गर्ने पोखरा महानगपालिकाको सम्बन्धित महाशाखा वा शाखा सम्झनु पर्दछ।

(ग) "आन्तरिक पर्यटक" भन्नाले नेपालको एक स्थानबाट अर्को स्थानमा भ्रमण गर्ने नेपाली नागरिक सम्झनु पर्दछ।

(घ) "पथ प्रदर्शक" भन्नाले पारिश्रमिक लिइ पर्यटकको साथ गई पथ प्रदर्शनका लागि काम गर्ने इजाजत प्राप्त व्यक्ति सम्झनु पर्दछ।

(ङ) "बाह्य पर्यटक" भन्नाले विदेशी मुलुकबाट भ्रमणका लागि नेपालमा भ्रमण गर्न आउने गैर नेपाली नागरिक सम्झनु पर्दछ।

(च) "पर्यटकीय स्थल" भन्नाले पोखरा महानगरपालिकाले तोकेको पोखरा महानगपालिका भित्र पर्ने प्राकृतिक, ऐतिहासिक, धार्मिक, सास्कृतिक वा पुरातात्विक महत्वको पर्यटकीयस्थल सम्झनु पर्दछ।

(छ) "तालिम" भन्नाले नेपाल पर्यटन तथा होटेल व्यवसाय प्रतिष्ठान (NATAHM) वा पोखरा महानगरपालिकाले तोकेको स्थानीय पथ प्रदर्शन सम्बन्धी विषयमा तालिम दिने तालिम प्रदायक निकाय वा संस्थाबाट प्राप्त कम्तिमा तीस कार्य दिनको पर्यटक पथ प्रदर्शन सम्बन्धी तालिम सम्झनु पर्दछ।

३. **उद्देश्य :** (१) यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहनेछ :

(क) पोखरा महानगरपालिका स्थित महत्वपूर्ण प्राकृतिक, ऐतिहासिक. धार्मिक, सांस्कृतिक तथा पुरातात्विक सम्पदा तथा परम्परागत कलाकौशल, चाडपर्व र संस्कृति बारेमा जानकारी गराउने,

(ख) पोखरा महानगपालिका स्थित प्राकृतिक, ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पुरातात्विक सम्पदा तथा परम्परागत कला, चाडपर्व, मेला तथा संस्कृतिको अवलोकन, अध्ययन तथा मनोरञ्जन गर्न आउने स्वदेशी तथा विदेशी पर्यटकहरूलाई सहयोग सहजिकरण तथा समन्वय गर्ने,

(ग) पर्यटन सूचना (त्यगचष्क क्ष्लायचकबतष्यल) प्रवाहलाई व्यवस्थित गर्ने,

(घ) स्थानीय पर्यटन पथ प्रदर्शनलाई मर्यादित व्यवस्थित र पारदर्शी बनाउने,

(ङ) स्थानीय पर्यटक पथ प्रदर्शकको नाममा पर्यटक उपर हुन सक्ने दुर्व्यबहार ठगी तथा शोषण नियन्त्रण गर्ने,

(च) स्थानीय पर्यटक पथ प्रदर्शन मार्फत पोखराको समग्र पर्यटन प्रवर्धनमा योगदान अभिवृद्धि गर्ने ।

४. **स्थानीय पर्यटक पथ प्रदर्शकको आवेदन/दरखास्त, छनौट, अनुमति र नवीकरण :** (१) महानगरपालिकाले स्थानीय पथ प्रदर्शकको अनुमति लिन चाहने व्यक्तिले यस कार्यविधि बमोजिम अनुमति प्रदान गर्न सक्नेछ।

(२) दफा (१) अनुमति लिन चाहने व्यक्तिले तोकिएको विवरण र कागजात सहित पोखरा महानगरपालिका समक्ष दरखास्त दिनु पर्नेछ।

(३) स्थानीय पर्यटक पथ प्रदर्शकको रूपमा काम गर्न इच्छुक १८ वर्ष पुरा भई ६० वर्ष ननाघेको नेपाली नागरिक हुनु पर्ने छ।

(४) दफा (२) बमोजिम पेश भएका दरखास्त उपर छानविन गरी अन्तरवार्ताको माध्यमद्वारा छनौट गरी अनुसूचीमा आर्थिक ऐनद्वारा तोकिए बमोजिमको अनुमति शुल्क लिइ पर्यटक पथ प्रदर्शकको कार्य गर्न अनुमति दिइनेछ। आर्थिक ऐनमा समावेश नहुँदा सम्म रु. १,०००।- (अक्षेरुपी एक हजार पाँच सय) लिई अनुमति दिईने छ। नवीकरण शुल्कको हकमा आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ।

(५) महानगरपालिकाद्वारा अनुमति प्राप्त स्थानीय पर्यटक पथ प्रदर्शकहरूको अभिलेख अद्यावधिक गरी राखिनेछ।

(६) महानगरपालिकाबाट प्राप्त स्थानीय पर्यटक पथ प्रदर्शकको अनुमति दुइ आर्थिक वर्षको लागि हुनेछ। प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिन भित्र महानगरपालिकाबाट तोकिएको शुल्क तिरी अनुमतिपत्र नवीकरण गराउनु पर्नेछ। तर तोकिएको मितिमा नवीकरण नगराएमा दश प्रतिशत विलम्ब शुल्क तिरी नवीकरण गर्न सकिनेछ।

५. **पर्यटक पथ प्रदर्शकको योग्यता :** (१) स्थानीय पर्यटक पथ प्रदर्शकको योग्यता देहाय बमोजिम तोकिएको छ :

(क) नेपाली नागरिक,

(ख) महानगरपालिका स्थित प्राकृतिक, धार्मिक, साँस्कृतिक, ऐतिहासिक तथा पुरातात्विक महत्वका प्रमुख पर्यटकीयस्थलहरू तथा महानगरपालिकाको परम्परागत कलाकौशल, धर्म, परम्परा तथा संस्कृति बारेमा ज्ञान तथा जानकारी भएको,

(ग) कम्तिमा प्रमाण पत्र तह (१०+२) वा सो सरह उत्तिर्ण भएको हुनु पर्नेछ। प्रमाण पत्र तह (१०+२) को योग्यता नभएको हकमा कम्तिमा ७ वर्ष देखि लगातार स्थानीय पर्यटक पथ प्रदर्शन सम्बन्धी कार्यमा संलग्न भई महानगरपालिकाबाट आयोजित

कम्तिमा ३ (तीन) दिन देखि ७ (सात) दिनको रिफ्रेसर तालिम लिएको,

(घ) नेपाली, अंग्रेजी हिन्दी भाषाको ज्ञान भएको, चाइनिज लगायत अन्य भाषाको ज्ञान तथा वोल्न सक्नेलाइ ग्राह्यता दिइने,

(ङ) स्थानीय पर्यटक पथ प्रदर्शक सम्बन्धी विषयमा कम्तिमा पन्ध्र दिनको तालिम प्राप्त गरेको,

(च) प्रचलित कानूनले अयोग्य नठहरिएको ।

६. **समन्वय समिति :** (१) पोखरा महानगरपालिका भित्र पर्यटक पथ प्रदर्शनलाई व्यवस्थित र समन्वयात्मक रूपमा सञ्चालन गर्न निकायगत समन्वयका लागि देहाय बमोजिमको एक समन्वय समिति रहनेछ :

(क) संयोजक पर्यटन तथा शहरी विकास महाशाखा प्रमुख, पोखरा महानगर पालिका

(ख) सदस्य अधिकृत प्रतिनिधि, पर्यटन कार्यालय

(ग) सदस्य प्रतिनिधि, व्यवसाय प्रवर्धन केन्द्र (BPC)

(घ) सदस्य प्रतिनिधि, पोखरा पर्यटन परिषद्

(ङ) सदस्य प्रतिनिधि, पर्यटन प्रहरी, पोखरा

(च) सदस्य प्रतिनिधि, सिटि टुरगाइड एसोशियसन, पोखरा

(छ) सदस्य सचिव पर्यटन प्रवर्द्धन शाखा प्रमुख, पोखरा महानगरपालिका

यस समितिको बैठकमा आवश्यकता अनुसार महानगरपालिका स्थित विभिन्न ताल, मठमन्दिर, गुम्बा लगायत धार्मिक संघ/संस्था, संग्रहालय, गुफासँग सम्बन्धित समितिका पदाधिकारी र अन्य सम्बन्धित विज्ञ/व्यावसायिक व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ।

७. **पथ प्रदर्शकको काम कर्तव्य र जिम्मेवारी :** (१) पर्यटक पथ प्रदर्शकको काम कर्तव्य र जिम्मेवारी देहाय बमोजिम रहनेछ :

(क) पर्यटकलाई नेपाली संस्कृति तथा परम्परा अनुसार सभ्य एवं शिष्टपुर्वक स्वागत अभिवादन गर्ने,

(ख) पर्यटक पथ प्रदर्शकले देखिने गरी आफ्नो परिचयपत्र लगाउने,

(ग) महानगरपालिकामा रहेका महत्वपूर्ण प्राकृतिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पुरातात्विक महत्वका स्थलहरूमा अवलोकन, मनोरञ्जन वा अध्ययनका लागि आउने पर्यटकहरूलाई नम्र, हसिलो व्यबहार दर्शाइ पर्यटकीय स्थलबारेमा जानकारी गराउने,

(घ) पर्यटकको जिज्ञासाको तथ्यगत जवाफ दिने,

(ङ) पथ प्रदर्शनको क्रममा भ्रमण गरिने पर्यटकीय स्थानहरूमा पुग्न लाग्ने समय तथा रूटको बारेमा जानकारी गराउने,

(च) भ्रमण गरिने स्थान सम्बन्धी कुनै ब्रोसर, पुस्तिका वा नक्सा भए वितरण गर्ने,

(छ) अशल सहजकर्ताको रूपमा प्रस्तुत हुने,

(ज) समय व्यवस्थापनमा ध्यान दिने,

(झ) पथ प्रदर्शनको क्रममा कुनै विपद वा आकस्मिक वा अनपेक्षित समस्या आइपरेमा पर्यटकको उद्दार तथा सहयोगका लागि आवश्यक समन्वय तथा सहजिकरण गर्ने,

(ञ) अपाङ्गता वा विशेष क्षमता भएका पर्यटकको लागि विशेष सहजिकरणको व्यवस्था गर्ने ।

८. **<u>पर्यटक पथ प्रदर्शकको आचारसंहिता :</u>** (१) पर्यटक पथ प्रदर्शकको आचारसंहिता देहाय बमोजिम तोकिएको छः

(क) पोखरा महानगरपालिकाबाट तोकिएको पोशाक तथा परिचयपत्र लगाउने,

(ख) पर्यटक उपर शिष्ट नम्र मर्यादित र सम्मानजनक व्यबहार गर्ने,

(ग) पर्यटक प्रति कुनै प्रकारको हिंसा हुने कार्य नगर्ने,

(घ) पर्यटक पथ प्रदर्शनको क्रममा व्यवसायिक नैतिकता तथा सदाचारितामा रहने,

(ङ) पर्यटकहरू उपर कुनै प्रकारको ठगी तथा दुर्व्यवहार नगर्ने,

(च) पर्यटकको व्यक्तिगत तथा नीजि मामिलामा हस्तक्षेप नगर्ने,

(छ) धर्म, लिंग तथा वर्णको आधारमा कुनै भेदभाव नगर्ने,

(ज) स्थानीय पथ प्रदर्शकले महानगरपालिकाले तोके बमोजिमको क्षेत्रमा काम गर्ने, सो नभएमा आपसी समन्वयमा पथ प्रदर्शकवीच मित्रवत प्रतिष्पर्धामा काम गर्ने,

(झ) प्रचलित कानूनले निषेधित गरेको कुनै कार्य नगर्ने नगराउन,

(ञ) आफ्नो इजाजतपत्र अरूलाइ दिइ पथ पथप्रदर्शको काम गर्न लगाउ नपाइने,

(ट) पथ प्रदर्शनको अवधिमा मादक पदार्थ सेवन गर्न नपाइने,

(ठ) आँफुलाई पथ प्रदर्शक बनाउन कुनै पर्यटकलाई करकापमा पार्न नपाइने ।

९. **<u>पथ प्रदर्शकको पोशाक :</u>** अनुमति प्राप्त स्थानीय पर्यटक पथ प्रदर्शकको पोशाक अनुसूची (३) मा तोकिए बमोजिम हुनेछ ।

१०. **<u>परिचयपत्र :</u>** अनुमति प्राप्त स्थानीय पर्यटक पथप्रदर्शकको परिचयपत्र अनुसूची (१) मा तोकिए बमोजिमको हुनेछ । सो अनुमतिपत्र पोखरा महानगरपालिकाले जारी गर्नेछ ।

११. **<u>दण्ड तथा सजाय :</u>** कुनै स्थानीय पर्यटक पथ प्रदर्शकले यस कार्यविधिमा उल्लिखित व्यवस्थाको उलंघन गरे/गराएको पाइएमा प्रचलित कानून बमोजिम दण्ड तथा सजाय हुनेछ ।

१२. **<u>अनुगमन सम्बन्धी व्यवस्था :</u>** अनुमति प्राप्त स्थानीय पर्यटक पथ प्रदर्शकले यस कार्यविधि अनुरूप कार्य सम्पादन गर्ने गराउने सम्बन्धमा अनुगमन गर्न महानगपालिकाको सम्बन्धित महाशाखा/शाखाबाट नियमित वा आकष्मिक अनुगमन हुनेछ । अनुगमनकर्ताले अनुगमन प्रतिवेदन पोखरा महानगरपालिकामा पेश गर्नु पर्नेछ ।

१३. **<u>अनुमति रद्ध हुने :</u>** स्थानीय पर्यटक पथ प्रदर्शकबाट यस कार्यविधिको उल्लंघन गरेको वा प्रचलित कानूनले निषेध गरेको कुनै कार्य गरे/गराएको पाइएमा अनुगमनकर्ताको सिफारिस वा प्राप्त विश्वसनीय सूचनाको आधारमा अनुमति रद्ध गर्न सकिनेछ। अनुमति रद्ध सम्बन्धी निर्णय गर्नुपूर्व सम्बन्धित पर्यटक पथ प्रदर्शकलाई मनासिव माफिकको सफाइ पेश गर्ने मौका दिइनेछ।

१४. **<u>विविध :</u>** (१) पर्यटक पथ प्रदर्शनको अनुमति प्राप्त गर्ने पर्यटक पथ प्रदर्शकलाई सो पदको काम, कर्तव्य र जिम्मेवारी सम्बन्धमा पोखरा महानगरपालिकाबाट अभिमुखिकरण दिइनेछ।

(२) महानगरपालिकाले पोखरा स्थित मन्दिर, संग्रहालय, गुफा लगायतका पर्यटकीय स्थलस्थित सम्बन्धित समितिहरूसँग समन्वय गरी पर्यटकको लागि उपयूक्त शुल्क निर्धारण गर्न सक्नेछ।

(३) अनुमति प्राप्त पर्यटक पथ प्रदर्शकको विवरण नजिकको पर्यटक प्रहरी इकाई तथा सम्बन्धित वडा कार्यालयमा अध्यावधिक गर्ने व्यवस्था मिलाइनेछ।

(४) महानगरपालिकाबाट अनुमति प्राप्त स्थानीय पर्यटक पथ प्रदर्शक बाहेक अन्य व्यक्तिबाट पर्यटक पथ प्रदर्शकको कार्य गर्न नपाउने गरी पोखरा महानगरपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ। महानगपालिकाको यस सम्बन्धी निर्णय स्थानीय पर्यटक पथ प्रदर्शक लगायत सम्बन्धित सरोकारवालाहरूले पालना गर्नु कर्तव्य हुनेछ।

(५) तालिम नलिएका तर यस अघि लाइसेन्स लिइ पर्यटक पथ प्रदर्शकको काम गरिरहेकाहरूको लागि तालिम लिनुपर्ने अनिवार्यता रहने छैन।

(६) बाह्य तथा आन्तरिक पर्यटकलाइ जोरजुलुम गरी पथ प्रदर्शनको लागि बाध्य पार्न पाइनेछैन।

(७) यस कार्यविधिमा तोकिए बाहेक अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

**अनुसूची–१**

**दफा १० सँग सम्बन्धित**

**परिचयपत्रको ढाँचा**

**पोखरा महानगपालिका**

## स्थानीय पर्यटक पथ प्रदर्शकको परिचय–पत्र

परिचयपत्र नम्बर :

नामथर :
ठेगाना :
पद : स्थानीय पर्यटक पथ प्रदर्शक
कार्यक्षेत्र : पोखरा महानगरपालिका
नागरिकता नंबर र जारी मिति :
ज्ञान भएको भाषा :
रक्त समूह :
सम्पर्क नम्बर :
परिचयपत्र बाहकको दस्तखत : प्रमाणित गर्नेको दस्तखत

**Pokhara Metropolitan City**
**Local Tourist Guide Identity Card**

Identity Card Number:

Identity Card Number :
Name :
Address :
Designation :
Working Area :
Citizenship no/issue date :
Language Knowledge :
Blood group :
ID Card holders Signature : Signature of authorized officer

**अनुसूची २**

**दफा ४ सँग सम्बन्धित**

**पोखरा महानगरपालिका**

**स्थानीय पर्यटक पथ प्रदर्शकको अनुमतिपत्र**

मिति :

श्री ..............................................

**विषय** : स्थानीय पर्यटक पथ प्रदर्शकको अनुमतिपत्र

स्थानीय पर्यटक पथ पर्दर्शक सम्बन्धी कार्यविधि, २०८० बमोजिम तपाइलाई पोखरा महानगरपालिकाभित्र पर्यटक पथ प्रदर्शकको रूपमा काम गर्न पाँउने गरी यो अनुमतिपत्र प्रदान गरिएको छ।

प्रमाणित गर्ने अधिकृत

**अर्को पट्टि**

**अनुमतिपत्रको नविकरण सम्बन्धी विवरण**

| मिति | अनुमतिपत्रको म्याद | प्रमाणित गर्नेको दस्तखत |
|---|---|---|
| | | |
| | | |
| | | |

**अनुसूची ३**

**दफा ९ सँग सम्बन्धित**

**स्थानीय पर्यटक पथ प्रदर्शकको पोशाकको नमूना**

(क) पोखरा महानगरपालिका तथा अंग्रेजीमा Tourism capital city को लोगो अंकित पहेलो रंगको क्याप,

(ख) आकासे निलो सर्ट/टिसर्ट गाढा खैरो पाइन्ट,

(ग) पहेलो भुँइमा निलो किनारा भएको हाप ज्याकेट पृष्ठभागमा पोखरा महानगरपालिकाको लोगो।

**अनुसूची ४**

**दफा ४ सँग सम्बन्धित**

**स्थानीय पर्यटक पथ प्रदर्शकको लागि दरखास्तको नमूना**

श्री पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
पोखरा ।

**विषय** : स्थानीय पर्यटक पथ प्रदर्शकको रूपमा काम गर्न इजाजत पाँउ ।

उपर्युक्त विषयमा तहा महानगरपालिका नगर कार्यपालिकाको मिति .................. गतेको स्थानीय पर्यटक पथ प्रदर्शक सम्बन्धमा प्रकाशित सूचना अनुसार म पोखरामा स्थानीय पर्यटक पथ प्रदर्शक (City Tour Guide) को रूपमा इजाजत लिइ काम गर्न इच्छुक भएकोले देहायका कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु ।

**तपशिल**

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
(ख) पर्यटक पथ प्रदर्शक सम्बन्धी तालिमको प्रमाणपत्रको प्रतिलिपी
(ग) १०+२ उत्तिर्ण गरेको प्रमाणपत्र वा यस क्षेत्रमा कम्तिमा ७ वर्ष काम गरेको अनुभवको प्रमाणको प्रतिलिपी

**निवेदक**
नामथरः
ठेगानाः
दस्तखतः
सम्पर्क नम्बरः

**प्रमाणीकरण मिति**
२०८१।१२।२७

**आज्ञाले**
**शिवराज चौलागाई**
**प्रमुख प्रशासकिय अधिकृत**